बैठक नं.७९

आज मिति २०७८/२/१३ गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको १२.३० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद बस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | विष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

Scanned with CamScanner

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी बराल (विश्वकर्मा) | सदस्य | |
| २५ | विमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | शिव प्रसाद रेग्मी | प्रमुख प्रशासकीय अधिकृत | |

[illegible]

प्रस्ताव नं. ७९.१

समीक्षा सम्बन्धमा ।

निर्णय न ७९.१

मिति २०७८ १ १० मा बसेको नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सन्दर्भमा देहाय बमोजिम समीक्षा गरियो ।

१. प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत भई कार्यान्वयन भएको ।

२.भूमि सम्बन्धी समस्या समाधान आयोग अन्तर्गतका काम कारबाही अगाडि बढाउनका लागि आयोगबाट थप जनशक्ति नआएको हुँदा जनशक्ति पूर्ति गर्ने गरी  निर्णय भएको भए तापनि हाल ५ जना अमिन खटिइ आएको । उक्त जनशक्ति समेत परिचालन भै Control Point नियन्त्रण विन्दु करिब १०० जति स्थापना गरेको । डाटा प्रविष्टिको काम दुई जना अपरेटरबाट भईरहेको र कोरोना भाइरसका कारण निषेधाज्ञा जारी भएको हुँदा अन्य आवश्यक जनशक्तिको लागि प्रकिया अगाडि बढाउने कममा रहेको छ ।

३. बुटवल-१२ स्थित भैरहवा टोलमा रहेको ट्रान्सपोर्ट भिलेज निमाण हुने स्थलमा धान खेती भएको स्थान उपलब्ध गराएका स्थानीय बासिन्दाहरुलाई राहत उपलब्ध गराउने गरी भएको निर्णय कार्यान्वयन हुने कममा रहेको तर हाल सम्म  राहत लिनका लागि व्यक्ति सम्पर्कमा नआएको ।

४. बुटवल उपमहानगर क्षेत्रमा सञ्चालित ठूला, रुपान्तरणकारी गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाका लागि नदीजन्य पदार्थ उपलब्ध गराउने गरी भएको निर्णय कार्यान्वयन भएको ।

५. फोहर व्यवस्थापनका लागि बुटवल उपमहानगरपालिका, सरसफाई तथा वातावरण संरक्षण सहकारी संस्था लि., बुटवल-७ र शिवनगर सामुदायिक वन उपभोक्ता समिति, बुटवल ७ बीच त्रिपक्षीय सम्झौता भई सामग्रीहरु हस्तान्तरण र पूर्वाधार निर्माणका कार्यहरु समेत अगाडि बढेको ।

६. एन्फा एकेडेमीमा ३२ बेडको आइसोलेशन केन्द्रको स्थापना गरी सेवा प्रवाह भइरहेको ।

७. विपद जोखिम न्यूनीकरण सम्बन्धमा River Channeliging को काम भैरहेको ।

प्रस्ताव नं.७९.२

योजना छनौट गरी पठाउने सम्बन्धमा ।

निर्णय न ७९.२

आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश, मुकाम बुटवलको समपुरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धी मिति २०७८ ०१ १५ गतेको पत्रानुसार समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ (प्रथम संशोधन सहित) मा व्यवस्था भए बमोजिम हुने गरी यस बुटवल उपमहानगरपालिकाबाट आ.व.२०७८ ०७९ का लागि देहाय  बमोजिमका आयोजनाहरु छनौट गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश मुकाम बुटवलमा स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

Scanned with CamScanner

| क्र.स | योजनाको नाम | ठेगाना |
| --- | --- | --- |
| १ | बेलभरिया चोकदेखि वृहत कृषि बजार कसौघाट पुलसम्म सडक स्तरोन्नती. | बुटवल - १४ र १५ |
| २ | देवीपथ सडक निर्माण -बाँकी खण्ड | बुटवल-११ |

प्रस्ताव नं.७९.३

समायोजन भई आएका कर्मचारीहरूलाई हाजिर गराई कामकाज लिइएको सम्बन्धमा ।

निर्णय नं.७९.३

यस बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट विभिन्न मितिमा समायोजन भई आउने गरी सरुवा दिइएका मध्येका स्वास्थ्य तर्फका कर्मचारीहरु हाजिर हुन आएको हुँदा विभिन्न मितिमा हाजिर गराई कामकाज लिइएको व्यहोरा आजको बैठकमा प्रस्तुत भइ जानकारी भयो । नगर सभाबाट स्वीकृत दरबन्दी भन्दा हाल देहाय बमोजिमका पदहरुमा १३ (तेह्र) दरबन्दी बढी हुन आएको हुँदा हालको कोरोना भाइरसको महामारीको अवस्था समेतलाई मध्यनजर राखी निजहरुको हकमा हाललाई विशेष अस्थायी दरबन्दी सृजना गर्ने र आवश्यकता र औचित्यताका आधारमा दरबन्दी विश्लेषण गरी सो विषयलाई आगामी नगर सभामा स्वीकृत एवं समर्थनका लागि प्रस्तुत गर्ने निर्णय गरियो ।

देहाय

- सि अ हे व पाँचौं तह १ जना
- सि अ न मी पाँचौं तह ३ जना
- अ हे व चौथो तह ३ जना
- अ.न.मी चौथो तह ६ जना

प्रस्ताव नं ७९.४

जली क्षतिग्रस्त भएको सवारी साधन मर्मत सम्बन्धमा ।

निर्णय नं.७९.४

मिति २०७८ १ ६ गते राती अन्दाजी करिब २.०० देखि २.३० बजेको समयमा बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको परिसर भित्र पार्किङ गरी राखेका सघन सरसफाई तर्फका समेत गरी देहायका सवारी साधनहरु जलेको सन्दर्भमा सत्य तथ्य बुझी सुझाव सहितको प्रतिवेदन दिने गरी बुटवल उपमहानगरपालिका वडा नं.१६ का वडाध्यक्ष एवं कार्यपालिका सदस्य तथा प्रवक्ता श्री राम प्रसाद नेमीको संयोजकत्वमा प्रमुख स्तरीय निर्णयबाट गठित पांच सदस्यीय समितिले दिएको प्रतिवेदन आजको बैठकमा प्रस्तुत भइ जानकारी भयो । उक्त सघन सरफरसफाई योजना कार्यान्वयन समिति नगरपालिकाबाट गठन गरी नागरिक संग शुल्क लिइ फोहर व्यवस्थापन गर्ने गरी गठित स्वयंसेवी संस्थाले २ वटा ट्रेक्टरहरु मासिक भाडा तिर्ने गरे भाडामा संचालन गरेको र फोहर व्यवस्थापन अत्यावश्यक सेवा समेत भएको हुंदा तत्काल फोहर व्यवस्थापन कार्यलाई सुचारु गर्नका लागि उक्त ट्रयाक्टरहरु मर्मत गर्ने । साथै प्रहरी कार्यालयबाट थप अनुसन्धान भै रहेको हुंदा सो बाट आएको

प्रतिवेदन बमोजिम हुने र भराउने गरी हाललाई प्राविधिक प्रतिवेदन बमोजिम हुने गरी ति जलेका साधनहरु बिमा भएकाको हकमा सोही बमोजिम हुने गरी मर्मत प्रयोजनका लागि अनुदान दिई मर्मत गर्ने र प्रतिवेदन बमोजिमका अन्य सुझावहरु समेत कार्यान्वयन गर्नका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

- लु २ त १५८५ नं.को ट्रयाक्टर मरमतका लागि मेकानिकल ओभरसियरको मूल्यांकन बमोजिम रु.२,२,७३१० - मर्मत अनुदान उपलब्ध गराउने ।
- लु ३ त ११६९ नं.को ट्रयाक्टर मरमतका लागि मेकानिकल ओभरसियरको मूल्यांकन बमोजिम रु. २,६०,२०० - मर्मत अनुदान उपलब्ध गराउने ।
- नगर कार्यपालिका कार्यालयको समग्र परिसर सुरक्षित हुने गरी दीर्घकालिन हिसावले तारबारको व्यवस्था मिलाउने ।
- कार्यालय परिसर भित्र कम्तीमा ५ थान यथार्थ श्रव्य दृश्य देखिने गरी CCTV क्यामरा जडान गर्ने ।
- कार्यालय समय पश्चात असम्बन्धित एवं अनधिकृत व्यक्तिहरुलाई कार्यालय परिसर भित्र प्रवेशमा रोक लगाउने ।

**प्रस्ताव नं.७९.५**

आवधिक योजना सम्बन्धमा ।

**निर्णय नं.७९.५**

बुटवल उपमहानगरपालिकाको आवधिक योजना तयार गर्ने सन्दर्भमा मिति २०७८ १ १४ मा प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेश र बुटवल उपमहानगरपालिका बीच भएको समझदारी पत्र बमोजिम उक्त कार्य यसै आ.व.भित्र सम्पन्न गर्ने गरी परामर्शदाता समेत छनौट भई सकेको छ । आवधिक योजना तयारी गर्ने सिलसिलामा वडास्तरबाट आर्थिक, सामाजिक, पूर्वाधार, वन तथा वातावरण, विपद व्यवस्थापन, जलवायु परिवर्तन, ध्वनि प्रदुषण र संस्थागत सुशासन लगायतका आयोजनाहरुको विस्तृत रुपमा आवश्यकता पहिचान गरी सूचि तयार गर्नु पर्ने र सो कार्यका लागि सरोकारवालाहरु संग व्यापक छलफल गर्नुपर्ने भए तापनि हाल कोभिड-१९ को महामारी र निषेधाज्ञा जारी भएको विशेष अवस्था समेतलाई मध्यनजर राखि सम्बन्धित वडा कार्यालयहरुले निर्दिष्ट ढाँचाको फाराम भरी आवधिक योजना तयारीका लागि सहयोग पुर्‍याउने निर्णय गरियो ।

**प्रस्ताव नं.७९.६**

**प्रकोप व्यवस्थापन कोष मार्फत भएको खर्च अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं.७९.६**

प्रकोप व्यवस्थापन कोषबाट कोभिड १९ रोकथाम, व्यवस्थापन तथा नियन्त्रणमा भएको २०७७ श्रावण देखि हाल सम्मको देहाय बमोजिमको खर्च विवरण अनुमोदन गरियो ।

| सि.नं | खर्च शीर्षक | रकम रु. |
|---|---|---|
| १ | आइसोलेशन अस्पताल निर्माण तथा व्यवस्थापन सम्बन्धी खर्च | २,२३६,७८७.०० |
| २ | क्वारेन्टिन निर्माण तथा क्वारेन्टिन स्थल सम्बन्धी खर्च | १३,२८०.०० |
| ३ | क्वारेन्टिनमा सञ्चालन तथा व्यवस्थापन तथा खाजा खाना सम्बन्धी खर्च | ५,७०,६४३.०० |
| ४ | कोभिड- १९ जोखिम भत्ता लगाएत कर्मचारी व्यवस्थापन र सोसंग सम्बन्धित खर्च | १,२८६,०३७.०० |

Scanned with CamScanner

| | | |
|---|---|---|
| ५ | कोभिड- १९ रोकथाम तथा नियन्त्रण एव व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद | ३,६८७,७६१.०० |
| ६ | कोभिड- १९ सम्वन्धी राहत वितरण सम्वन्धी खर्च | ११६,१५०.०० |
| ७ | विपत व्यवस्थापन सम्वन्धी भौतिक निर्माण खर्च | ४८४,९५७.०० |
| ८ | प्रकोप व्यस्थापन सम्वन्धी विविध खर्च | २६९,१८०.०० |
| | कुल जम्मा | ८,६६४,८०३.०० |

प्रस्ताव नं.७९.७ विविध ।

प्रस्ताव नं.७९.७.१

योजना छनौट गरी पठाउने सम्वन्धमा ।

निर्णय नं.७९.७.१

आगामी आ.व.२०७८/०७९ का लागि मिति २०७८/३/10 सम्ममा वार्षिक बजेट नगर सभा समक्ष प्रस्तुत गर्ने कानूनी व्यवस्था भए बमोजिम सोका लागि आवश्यक पूर्व तयारी गर्नुपर्ने भएको हुँदा सबै वडाहरुमा समय सिमा र वडागत बजेट सिलिङ्ग पठाइसकिएको छ । तिव्र रुपमा फैलिएको कारोना भाइरस (कोभिड-१९) को महाभारी र सो को कारण जारी निषेधाज्ञा एवं हालको विशेष परिस्थितिलाई दृष्टिगत गरी स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालनाका साथ वडा कार्यालयहरुले योजना छनौट गरी यथासिघ्र पठाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं.७९.७.२

अक्सिजन प्लान्टको स्थापना सम्वन्धमा ।

निर्णय नं.७९.७.२

तिव्र रुपमा फैलिएको नयाँ भेरियन्टको कोरोना भाइरस (कोभिड-१९) को दोस्रो लहरवाट रुपन्देही जिल्ला भर र यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्र समेत संक्रमितहरुको अत्यन्त चाप रहेको छ । सरकारी, सामूदायिक र निजी कोभिड अस्पतालहरुमा समेत अक्सिजनको अभाव भई विरामीहरुको उपचारमा असहज परिस्थितिको सृजना भएको अवस्थामा अक्सिजन प्लान्टको स्थापना गर्नुपर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने विषयको आवश्यकता महशुस भई रुपन्देही जिल्ला स्थित सम्पूर्ण पालिकाहरुको समन्वयात्मक वैठकवाट अक्सिजन प्लान्ट स्थापना एवं संचालनका लागि श्रोत परिचालनको सुनिश्चितता हुने गरी प्रवितवद्धता जाहेर भए बमोजिम यस बुटवल उपमहानगरले पनि रु. १ करोड प्रतिवद्धता जनाउने गरी प्रमुखज्यूबाट सहमति जनाउनु भएको हुँदा सो विषयलाई समर्थन गरियो । साथै बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका लुम्विनी प्रादेशिक अस्पताल र सिद्धार्थ वाल तथा महिला अस्पतालमा अक्सिजन प्लान्ट जडान गर्नका लागि समन्वयात्मक वैठकवाट समेत अनुरोध गरिसकिएको हुँदा ति निकायहरुवाट श्रोत नपुग भई माग भएका अवस्थामा भेन्टिलेटर र आई सि यु समेत जडान गर्नका लागि उल्लेखित प्रतिवद्धता गरिएको सिमा सम्मको रकमको श्रोत सुनिश्चित गर्ने समेत निर्णय गरियो ।

प्रस्ताव नं.७९.७.३

कार्यदल गठन सम्वन्धमा ।

निर्णय नं.७९.७.३

Scanned with CamScanner

निज रुपमा फैलिएको नयाँ भेरियन्टको कोरोना भाइरस (कोभिड-१९) का कारण मिति २०७८।१।१६ गते देखि हाल सम्म पनि यो उपमहानगर निषेधाज्ञामा रहेका छ । संक्रमितहरुको संख्या अत्यन्तै वृद्धि हुँदा बुटवल उपमहानगरपालिकाका जनप्रतिनिधिहरु एवं कर्मचारीहरु गरी करिब ५० भन्दा माथि नै संक्रमित भएको अवस्था छ । यस बीचमा नगरकार्यपालिकाले स्वास्थ्य तर्फ २४ घण्टाको ड्युटी तालिका मिलाई एन्काउमा आइसोलेशन सेन्टरको स्थापना एवं संचालन, होम, होटल र संस्थागत आइसोलेशनहरुमा अक्सिजन वितरण, संक्रमितहरुको घरमा औषधि वितरण गर्ने, दैनिक सरसफाई र आवश्यक कामका लागि दैनिक रुपमा कार्यालय समेत संचालन भएको छ । अत्यन्त संवेदनशील र जोखिमपूर्ण अवस्थामा समेत कार्यालयमा बोलाई स्वास्थ्य, सरसफाई, पाले पहरा, नगर प्रहरी, सवारी चालक र आवश्यक कामका लागि सिमित कर्मचारीहरुलाई मात्र परिचालन गर्ने मनसायका साथ कार्यालयमा बोलाई काम लिइएको छ । निषेधाज्ञाको अवधि कहिले सम्म जाने हो यसको पूर्वानुमान गर्न सकिने अवस्था समेत छैन । तसर्थ त्यसरी काम लिइएका कर्मचारीहरुलाई श्रमको सम्मान र मानवीय हिसावले समेत जोखिम भत्ता उपलब्ध गराउन आवश्यक भएको हुँदा संघीय सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत नर्म्स र निर्देशिका समेत आधार मानी के कसरी प्रोत्साहित गर्दा उपर्युक्त हुन्छ सो प्रयोजनका लागि सुझाव दिने गरी देहाय बमोजिमको एक कार्यदल गठन गर्ने र सो कार्यदलले दिएको प्रतिवेदन बमोजिम कार्यान्वयन गर्न उपर्युक्त र व्यवहारिक समेत हुने भएको हुँदा एक हप्ता भित्रमा प्रमुख समक्ष प्रतिवेदन पेश गरी प्रमुखबाट स्वीकृत भए बमोजिम हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

वडा न.१६ का वडाध्यक्ष एवं प्रवक्ता श्री राम प्रसाद रेग्मी - संयोजक

आर्थिक विकास समितिका संयोजक श्री टक प्रसाद पराजुली-सदस्य

शिक्षा तथा जनस्वास्थ्य महाशाखा प्रमुख श्री मित्रमणी खनाल -सदस्य

वित्त व्यवस्थापन महाशाखा प्रमुख श्री विष्णु प्रसाद खनाल - सदस्य

प्रशासन महाशाखा प्रमुख श्री शिव नारायण शाह-सचिव

प्रस्ताव नं.७९.७.४

अनुमोदन सम्बन्धमा ।

निर्णय न.७९.७.४

मिति २०७८ १ १९ र २०७८ २ १३ मा बसेको सि डि एम सि को बैठकबाट सिफारिस भै आए बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७९.७.५

राहत सम्बन्धमा ।

निर्णय नं.७९.७.५

कोभिड-१९ को दोस्रो भेरियन्टबाट सृजित महामारीका कारण उच्च जोखिम हुने परिस्थितिलाई आंकलन गरी मिति २०७८/१/१६ देखि हाल सम्म रुपन्देही जिल्ला एवं यस उपमहानगरपालिकामा निषेधाज्ञा कायम भएको छ । महामारीका कारण निषेधाज्ञाको अवधि कहिले सम्म कायम रहने भन्ने पूर्वानुमान गर्न सकिने अवस्था समेत नरहेको र मजुदरी गरी जिविकोपार्जन गर्ने र दैनिक आम्दानी गरी दैनिक खर्च व्यवस्थापन गर्ने समूदायलाई खाना खाने व्यवस्था हुन नसक्दा दैनिक जनजीवन नै प्रभावित भै भोकमरीको स्थिति समेत सृजना हुने अवस्था भएको हुँदा डि सि एस सिको निर्णय बमोजिमको मापदण्ड

Scanned with CamScanner

एवं मुलमा टोल विकास संस्था एवं वडा कार्यालयहरुको सिफारिस समेतका आधारमा राहत उपलब्ध गराउने र उक्तको विवरण आगामी बैठकमा स्वीकृतिका लागि पेश गर्ने गरी कार्य प्रकिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.७९.७.६

स्वास्थ्य लाभको कामना ।

निर्णय नं.७९.७.६

हाल केही दिनयता देखि तिव्र रुपमा फैलिएको दोस्रो भेरियन्टको कोरोना भाइरस (कोभिड-१९) का कारण मिति २०७८.१.१८ गते देखि हाल सम्म उपमहानगरपालिका क्षेत्र भित्र निषेधाज्ञा जारी रहेको छ । निषेधाज्ञा अवधिमा सम्पूर्ण नगरवासीहरुले संयमताका साथ धैर्यतापूर्वक निषेधाज्ञाको पालना गर्नु भएकोमा सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै कोरोना संक्रामित हुनु भएका नगरवासी दाजु भाइ तथा दिदी बहिनिहरुको यो कार्यपालिका बैठक शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

प्रस्ताव नं.७९.७.७

यस बुटवल उपमहानगरपालिकाको वडा नं.७ बाट वडा सदस्य पदमा निर्वाचित सकिय जनप्रतिनिधि तथा समाजसेवी नविन थापाको कोभिड-१९ बिरुद्धको लडाईंमा अहोरात्र खटि रहेको अवस्थामा सोही भाइरसको संक्रमणमा परी उपचारको कममा मिति २०७८.१.२४ गते बिहान ४५ वर्षको उमेरमा दिवंगत हुनु भएको हुँदा नविन थापा समेतका मृतकहरुको आत्माको चिरशान्तिको कामनाका लागि भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा यो कार्यपालिका बैठक गहिरो समवेदना व्यक्त गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्युबाट बैठक समापन भएको जानकारी गराउनु भयो ।

Scanned with CamScanner